# आँधीखोला गाउँपालिकाको
# आ.ब. २०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम

**आँधीखोला गाउँपालिका**
**गाँउकार्यपालिकाको कार्यालय**
**कृषि, स्याङ्जा**

**आदरणीय गाउँ सभा सदस्य ज्यू,**

विश्वमा मानव जाति माथि शताब्दीकै सबैभन्दा ठूलो संकटको रुपमा पैदा भएको कोभिड-१९ (कोरोना भाईरस) महामारीबाट सृजित असहज र चुनौती पुर्ण अवस्थामा नेपालमा पनि यस्तै विषम अवस्थालाई मध्यनजर गर्दै यस आँधीखोला गाउँपालिकाको सातौं गाउँसभामा उपस्थित हुनुभएका उपाध्यक्ष ज्यू, सम्पूर्ण सभा सदस्यज्यूहरू, प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत सम्पूर्ण कर्मचारी मित्रहरु आँधीखोला गाउँपालिकाको यस गरिमामय सातौं गाउँ सभाको **नीति तथा कार्यक्रम** प्रस्तुतीकरण समारोहमा हार्दिक स्वागत एवं सम्मान व्यक्त गर्न चाहन्छु । त्यसैगरी यस अवसरमा म नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र जनजीविकाका लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । सम्पूर्ण बेपत्ता नागरिक, जनआन्दोलन र जनयुद्दका घाइते तथा पीडितहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु । ती आन्दोलनहरुको नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु, आधुनिक नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुर्याउनुभएको योगदानको पुनः स्मरण गर्न चाहन्छु ।

विश्वमा कोभिड-१९ को महामारीविरुद्द लड्न मौजुदा स्वास्थ्य सुविधाहरु अपर्याप्त देखिएको भएतापनि सिंगो विश्व जगत यस महामारीविरुद्द एकाकार भई महामारीको सामना गरिरहेको अवस्था छ । यस महामारीबाट लाखौंको ज्यान गईसकेको, अरु लाखौं संक्रमित भएका छन् । यस महामारीको संक्रमणबाट नेपाल राज्यभित्र र बाहिर जीवन गुमाउनुहुने नेपालीजन र मित्र राष्ट्रका नागरिकहरुका शोकाकुल जनप्रति गहिरो समबेदना प्रकट गर्दछु । साथै उपचाररत सम्पुर्ण दाजुभाई दिदीबहिनीप्रति शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु । यस महामारीको रोकथाम, नियन्त्रण तथा उपचारको क्रममा अग्रपंक्तिमा रहेर सेवा गर्नुहुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा राष्ट्रसेवक एवं उक्त कार्यमा योगदान पुर्याउनुहुने जनप्रतिनिधि, राजनीतिक दल, निजी क्षेत्र तथा व्यवसायिक क्षेत्रले पुर्याउनुभएको सामाजिक र आर्थिक योगदानको सराहना गर्दछु । नेपाल सरकारले घोषणा गरेको बन्दाबन्दीको समयमा यथास्थानमा धैर्यताका साथ पालना गरिदिनु भएकोमा आम दिदीबहिनि तथा दाजुभाईप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

संघिय लोकतान्त्रिक गणतन्त्र हामी नेपालीले सात दशकभन्दा लामो संघर्षबाट प्राप्त गरेको उपलव्धि हो । यो प्रणाली नेपाली जनताले छानेर पठाएका जनप्रतिनिधिले संस्थागत गरेको प्रणालीबाट लोकतन्त्रका सबै आधारभूत विशेषता सहितको बहुदलीय गणतन्त्रात्मक राजनीतिक प्रणालीलाई सर्वस्वीकार गरिएको संविधान निर्माण भई हाल कार्यान्वयनमा रहेको छ। संविधानले सुनिश्चित गरेका प्रावधानहरुलाई अक्षरसः पालना गर्ने क्रममा स्थानीय, प्रदेश र संघीय तीनै तहको निर्वाचनमार्फत आज हामी आँधीखोला गाउँपालिकामा स्थानीय सरकारको रुपमा रही आफ्नो नीति आँफै बनाउने र आफ्नो लागि आँफै कानुन बनाई कार्यान्वयन गर्ने लोकतन्त्रको उच्चतम अभ्यास स्थानीय तहमा नै गर्न पाइरहेका छौं ।

उत्तरदायित्व र जवाफदेहिता सहितको स्रोत साधन र अधिकार समेत स्थानीय तहमा निक्षेपण भई आएपश्चात संघीयता र स्थानीय सरकार मार्फत गाउँगाउँमा जनतालाई लोकतन्त्रका

विभिन्न आयामको माध्यमबाट सार्वभौमसत्ता जनतामा निहित रहेको र जनता नै शक्तिका श्रोत हुन भन्ने मान्यता स्थापित गरेको छ । यो हाम्रो लागि अवसर र चुनौती दुवै हो । आँधीखोला गाँउपालिकाले जातीय, भाषिक, धार्मिक, सांस्कृतिक विविधतालाई आत्मसात गरी सामाजिक एवं सांस्कृतिक ,समानता र सहिष्णुतामा आधारित समाजको निर्माण गर्ने संकल्प गर्दै नेपालको संविधानको मूल मर्म सहकार्य, समन्वय र सह-अस्तित्वका आधारमा संघीय सरकार ,गण्डकी प्रदेश सरकार तथा अन्य स्थानीय तहहरुसँग विकासका लागि हामीले जनतासँग गरेका प्रतिवद्दता अनुरुप **समृद्द नेपाल सुखी नेपाली**को राष्ट्रिय आकांक्षालाई हासिल गर्न हातेमालो गर्दै आँधीखोला गाउँपालिकालाई विकासको पथमा अग्रसर गराउनुका साथै अन्य शासकीय तहलाई प्रेरणाको स्रोतको रुपमा आफुलाई प्रस्तुत गर्नेछ।

स्थानीय तह सरकारकै रुपमा रहेको र कानुनी प्रावधान अनुसार व्यवस्थापकीय, कार्यपालिकीय र न्यायिक अधिकारको प्रयोग गर्दै आएका छौं । स्थानिय श्रोत र साधनको उच्चतम प्रयोग गर्दै आँधीखोला गाँउपालिकाको बहुआयामिक बिकास गर्नु हाम्रो प्रमुख दायित्वको रुपमा रहेको छ । राजनीतिक स्थायित्वमा मात्रै जनमतको सम्मान हुन्छ । जनतामा विकास प्रतिको तीव्र चाहना, जनप्रतिनिधिमार्फत स्थानीय तहमा नै सहभागिता, जवाफदेहिता, पारदर्शिता, उत्तरदायित्वको अभ्यास भई स्थानीय सरकारले आफ्नो कार्यकालमा प्रस्तुत गरेका लक्ष्य र प्रतिवद्दताहरु क्रमैसँग कार्यान्वयन हुँदै आएका छन् । स्थानीय सरकारको दृष्टिकोण स्पष्ट छ, गन्तव्य निश्चित छ, लक्ष्यहरु निर्धारित छन्, नीति तथा कार्यक्रम जनमुखी छन्, कार्यान्वयन परिणाममुखी छ । प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्दा कोभिड-१९ को महामारीबाट सृजना भएको बिषम परिस्थितिबाट समग्र आर्थिक-सामाजिक पक्षमा परेको प्रतिकुलतालाई सम्बोधन गर्दै आँधीखोला गाँउपालिकाको विकासको आवश्यकता, नेपाल सरकार, प्रदेश सरकारले अबलम्बन गरेका बिकासका दिर्घकालिन लक्ष्यहरु र संबिधानको अनुसूचीमा स्थानीय तहलाई प्राप्त अधिकारलाई प्रमुख पथप्रदर्शनको रुपमा अंगालेको छ। जनताले आफ्ना आवश्यकताहरुलाई सम्बोधन गर्ने योजनाहरु आफ्नै सहभागितामा छनौट गर्न सकुन भन्ने उद्देश्यले देशभर भएको बन्दाबन्दीका बाबजुद सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको अवधारणा अनुरुप स्थानीय तहका गाउँ, बस्ती, टोल हुँदै वडा समिति, र विषयगत समितिहरुको बैठक, राजनीतिक दल लगायत अन्य सरोकारवालाहरु संग छलफल र अन्तरक्रिया गरी प्राप्त सुझावहरुको आधारमा वृहत छलफल पश्चात कार्यपालिकाले स्वीकृत गरी **समृद्ध नेपाल सुखी नेपाली** भन्ने राष्ट्रिय संकल्पलाई आत्मसाथ गर्दै सो संकल्प पुरा गर्नका निमित्त नेपालको राज्य शक्तिको प्रयोग गर्ने एक शासकीय तहको हैसियतले आँधीखोला गाउँपालिकाको यस गरिमामय सातौं गाउँसभामा आ.व.०७७।७८ को वार्षिक नीति तथा कार्यक्रम घोषणा गर्न पाउँदा म निकै हर्षित एवं गौरवान्वित छु ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरू,**

**अब म गत वर्षको संक्षिप्त समीक्षा गर्न चाहन्छु ।**

१. कोभिड-१९ को **रोकथाम र नियन्त्रण**का लागि आँधीखोला गाउँपालिकाले संघिय सरकार, गण्डकी प्रदेश सरकार र अन्य स्थानीय तहको समन्वयमा शुरुदेखि नै सशक्त रुपमा क्रियाशील रही संघिय, प्रादेशिक सरकारसँगको समन्वयमा महमारीसँग जुध्न अतिरिक्त श्रोत परिचालनका लागि सरकारी, निजी र अन्य क्षेत्रबाट प्राप्त हुने रकम आँधीखोला गाउँपालिकाको विपद व्यवस्थापन कोषमा जम्मा गरी सो कोषबाट प्रचलित कानुनको आधारमा एकद्वार प्रणालीबाट खर्च गर्ने व्यवस्था मिलाईएको छ ।

२. कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि संघीय सरकारले घोषणा गरेको वन्दावन्दीलाई मध्यनजर गरी आँधीखोला गाउँपालिकाले अल्पकालीन कार्ययोजना अन्तर्गत राहत वितरणको मापदण्ड स्वीकृत गरी ९८२ परिवारलाई **राहत वितरण** गरिएको छ । यसैगरी मध्यकालीन कार्ययोजना अन्तर्गत २ सय क्षमताको क्वारेन्टाईन निर्माण गरी नेपाल सरकार, स्वास्थ्य मन्त्रालयले तोकेको मापदण्ड बमोजिम सेवा प्रवाह गरिएको छ । यसै गरी दिर्घकालीन कार्ययोजना अन्तर्गत बाङसिङ स्वास्थ्य चौकीको नाममा ५ रोपनी जग्गा प्राप्त भएको र सामुदायिक अस्पताल सेतिदोभानलाई आफ्नो स्वामित्व ग्रहण गर्दै हाललाई क्वारेन्टाईनको व्यवस्थापन गरी आवश्यक परेमा आइसोलेसन कक्षको निर्माण गर्ने कार्यको प्रवन्ध गर्ने व्यवस्था मिलाईएको छ ।

३. आम जनताको स्वास्थ्य सुबिधा प्रति अत्यन्त सम्बेदनशिल रही चौबिसै घण्टा **एम्बुलेन्स** सेबा सञ्चालनमा ल्याईएको र कोभिड-१९ को महामारीको संकटमा पनि एम्बुलेन्सले आकस्मिक तथा नियमित सेवा र दीर्घरोगी तथा नियमित औषधी खाने व्यक्तिहरुको लागि आँधीखोला गाउँपालिकाले औषधीको आपुर्ति व्यवस्थापन गरी नागरिकको स्वास्थ्य जोखिमबाट सुरक्षित तुल्याउने प्रयास गरेको छ ।

४. आँधीखोला गाउँपालिकाको एक गाउँ एक पकेट क्षेत्र  कार्यक्रम अन्तर्गत आँधीखोला गाउँपालिका वडा नं. १ को दत्तलोटे त्रिवेणी बस्तीमा **४५०० किलोग्राम आलुको** विउ सामूहिक रुपमा वितरण गरी आलु खेति उत्पादन शुरु गरी ५५ घरधुरीका विपन्न कृषकहरुलाई आर्थिक आत्मनिर्भरतातर्फ केन्द्रित गरी कृषिलाई आधुनिक र व्यवसायिकरण गर्न सफल भएका छौं ।

५. कृषि तथा पशु क्षेत्रको समग्र विकासको लागि कृषि तथा पशुपालनाको **सम्भाव्यता अध्ययन** सम्पन्न गरिएको छ ।

६. यसै गरी आँधीखोला गाउँपालिकाले कृषि उत्पादनको बढोत्तरी गर्नका लागि सञ्चालन गरेका **साना, मझौला र ठुला सिँचाई, कुलो निर्माणका** कार्यक्रम सञ्चालन अन्तर्गत हालसम्म करिब ६७ वटा पक्की सिँचाई कुलाहरु निर्माण गरिएको छ जसको कुल लम्बाई ३.२ किलोमिटर हुन आउँछ ।

७. आँधीखोला गाउँपालिकाको **अन्धाअन्धी श्रवणकुमार सडक, गाँउपालिकाको मुख्य प्रशासनिक कार्यालय भवन, अन्धाअन्धी श्रवणकुमार पर्यटन पूर्वाधार प्रर्बधन कार्यक्रम, बहुउद्येश्यिय सभाहल तथा ब्यापारिक भवन, फुलबारी-पुवाडाँडा-खौलालाकुरी-पर्बत सडक योजना** लाई आँधीखोला गाँउपालिकाको गौरबको योजना अन्तर्गत निरन्तरतामा राखी कार्यसुचारु अबस्थामा रहेको र तोकिएको म्यादभित्र सबै परियोजनाहरु सु-सम्पन्न हुनेछन भन्ने जानकारी गराउदछु ।

८. आँधीखोला गाँउपालिकाको गौरबको योजनाहरु अन्तर्गतका **टिकाजा तल्लो बैडाटार सिंचाई योजना,पारीवन चिलाउनेबास झारखोला सडक कालोपत्रे गर्ने योजना,** आहाल-बरपिप्ले-**चिसाखोला सडक** यस आ.व. मा सम्पन्न भईसकेका छन् ।

९. आँधीखोला गाउँपालिकाले आफ्नै पहलमा **१.८ किलोमिटर सडक कालोपत्रे** भएको,६०३ **मिटर सडक पक्की ढलान भएको,** र **१०.३ किलोमिटर सडक** नयाँ ट्र्याक खोली सडक सञ्चालनमा ल्याईएको छ।

१०. आँधीखोला गाउँपालिकामा **एक घर एक धारा कार्यक्रम** अन्तर्गत १५१ वटा घरमा पानीको धारा निर्माण गरिएको छ ।

११. यसैगरी संघिय सरकारको लगानीमा यस गाउँपालिकामा **बाङसिङ देउराली खानेपानी आयोजना, पुतलीखेत-कार्कीनेटा सडकखण्ड, सेतिदोभान-भुद्रमपोला-सिरुवारी-घण्टे सडक** सञ्चालनमा रही आवश्यक निर्माणका काम निरन्तर रुपमा अगाडि बढाईएको छ । आगामी बर्ष पनि उक्त कार्यक्रमहरु नियमित रुपमा सञ्चालन हुनेछन ।

१२. आँधीखोला गाउँपालिकामा गण्डकी प्रदेश सरकारको लगानीमा **अन्धाअन्धी श्रवणकुमार सडकको नौडाँडा-हिलेखोला-कार्कीनेटा सडकखण्ड, बाँस्कोट खोलाको** पुल, पातीखोला पुल, अडेखाल्टा माझकटेरी खानेपानी आयोजना, काफलटारी-मडुवा-पोखराचौर-थुम-टापु खानेपानी आयोजना, भुद्रमपोला-पातीखोला-कल्याणडाँडा-विमिराबोट-छाप-शेरा-सम्धिखोला खानेपानी आयोजना निर्माण प्रकृयाको चरणमा रहेका छन् भने **जुग्लेखोलाको पुल सम्झौता भएको ८ महिनामा सम्पन्न भएको साथै हिले-राजास्वाँरा खानेपानी र बरपिप्ले खानेपानी पनी** निर्माण सम्पन्नको चरणमा रहेका छन् ।

१३. यसैगरी गण्डकी प्रदेश सरकारकै बार्षिक कार्यक्रम अन्तर्गत **कुन्तिका सिचाई आयोजना, लामाखेत सिँचाई आयोजना, सेतिदोभान सिँचाई आयोजना, गुमाको स्थान पोखराचौर सिँचाई आयोजना** निर्माणाधिन अवस्थामा रहेको छन भने **टुनिखोला ज्यामिरे सिमलचौर सिँचाई आयोजना सञ्चालन प्रक्रियामा रहेको छ ।**

१४. आँधीखोला गाउँपालिकामा धार्मिक पर्यटनको विकासका लागि अन्धाअन्धी श्रवणकुमार मार्गको सुरु बिन्दु नागडाँडामा अन्धाअन्धी श्रवण कुमारको **शालिक** निर्माण कार्य सम्पन्न भईसकेको छ ।

१५. आँधीखोला गाउँपालिकाभित्र रहेका तोकिएको मापदण्डभन्दा न्यून आयस्तर भएका गरीवहरुको पहिचान गर्नको लागि **गरीब घरपरिवार पहिचान** लगत संकलनको कार्य प्रकाशनको चरणमा रहेको छ ।

१६. वडा नं. १ को वडा कार्यालय भवन मिति २०७६ साल मंसिर २६ गते उदघाटन गरी कार्यप्रारम्भ गरिएको छ । यस्तै, बडा नं ३ को सुविधा सम्पन्न प्रशासनिक भवन समेत निर्माण सम्पन्न भएको छ र वडा नं. ४ बाङसिङमा रहेको **वडा कार्यालयको** सुविधा सम्पन्न प्रशासनिक भवनको निर्माण कार्य सम्पन्नको चरणमा रहेको छ ।

१७. आगामी आ.व. देखि संघिय सरकारसँगको लागत साझेदारीमा आँधीखोला गाउँपालिकाको गौरबको आयोजना अन्तर्गत **राखी समपुरक अनुदानतर्फ सेपत-भर्स्याङ-देउराली-पञ्चासे ग्रामीण सडक, र बिशेष अनुदानतर्फ बाङसिङ स्वास्थ्य चौकी र दत्तलोटे-त्रिवेणी दलित बस्ती खानेपानी आयोजनालाई** कार्यान्वयनको प्रकृयामा अगाडि बढाईनेछ ।

१८. आगामी आ.व. देखि गण्डकी प्रदेश सरकारसँगको लागत साझेदारीमा आँधीखोला गाउँपालिका अन्तर्गत **समपुरक अनुदानतर्फ** शहरे-अघौंदी-शिरुबारी सडक स्तरोन्नती कार्य र **बिशेष अनुदानतर्फ** डिहि-छापाटारी सिंचाई योजना कार्यान्वयनको प्रक्रियामा अगाडी बढाईनेछ ।

१९. आँधीखोला गाउँपालिकाले **काठेपोल विस्थापन गरी स्टिल पोल** गाड्ने कार्यक्रमअन्तर्गत यसै बर्षदेखि काठको पोलमुक्त गाउँपालिका बनाईएको छ ।

२०. वैकल्पिक उर्जालाई प्रवर्द्धन गर्नका लागि **सौर्य सडक बत्ती** जडान गरिएको छ।

२१. गाउँपालिकामा भएका सम्पूर्ण अभिलेखहरु डिजिटल प्रविधिमा राखिनुका साथै **अनलाईन** माध्यमबाट राजश्व संकलन, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा, जिन्सी व्यवस्थापन, योजना व्यवस्थापन, लेखा व्यवस्थापन लगायतका कार्यहरु कम्प्युटिकृत भएका छन् ।

२२. गण्डकी प्रदेश सरकारको **साझेदारी सडक** अन्तर्गत आँधीखोला गाउँकार्यपालिको कार्यालय बाट ३ नं. वडा कार्यालय सम्म पुग्ने **फुलबारी-पुवाँडाँडा खौलालाकुरी** सडकको स्तरोन्नति गर्ने कार्य सम्पन्नको चरणमा रहेको छ ।

२३. गण्डकी प्रदेश सरकारको समपुरक अनुदान र आँधीखोला गाँउपालिकाको सहलगानीमा पारीवन-चिलाउनेवास-झारखोला सडकलाई **नमुना सडकको** रुपमा निर्माण सम्पन्न पश्चात सञ्चालनमा ल्याईएको छ ।

२४. **आँधीखोला गाँउपालिका** द्वारा सम्पादित सम्पुर्ण कार्यहरुको **विस्तृत प्रगति प्रतिवेदन** प्रकाशनको काम अन्तिम चरणमा पुर्याईएको छ ।

२५. संविधानद्धारा नै प्रत्याभूत स्थानीय तहको न्यायिक अधिकारलाई पुर्णरुपमा पालना गर्ने सन्दर्भमा **न्यायिक समितिको** सचिवालयबाट न्यायसम्पादन सम्बन्धी निवेदन, उजुरी र फिरादको प्रकृतिको आधारमा सामुदायिक मेलमिलापको माध्यमबाट न्याय निरुपण गर्न सफल भएका छौं ।

२६. आँधीखोला गाउँपालिकाले खेलकुद विकासको लागि **रंगशालाको निर्माण कार्य** यसै बर्ष शुरुवात गरिएको छ ।

२७. शहरउन्मुख ग्रामीण बस्तीहरुमा ४ वटा **सार्वजनिक शौचालय**को निर्माण गरिएको छ ।

२८. जनताको सुविधालाई ध्यानमा राखी गत बर्ष १ वटा झोलुङ्गे पुल सम्पन्न भएको छ भने यस आर्थिक वर्षमा २ वटा झोलुङ्गे पुल निर्माणाधिन अवस्थामा रहेका छन ।

२९. **त्रि-शहिद माध्यमिक विद्यालय**लाई नमुना विद्यालयको रुपमा अगाडि बढाईएको छ ।

३०. आँधीखोला गाउँपालिकाको वृहत्तर विकास योजनाको ऐनाको रुपमा आँधीखोला गाउँपालिकाको **आवधिक विकास योजना** निर्माण गरी आवधिक योजना मुताविक अल्पकालीन, मध्यकालीन र दीर्घकालिन कार्यक्रम तय गरी कार्यप्रारम्भ गरिएको छ ।

३१. शिक्षा क्षेत्रमा प्राविधिक शिक्षाको अपरिहार्यतालाई मध्यनजर गरी प्रद्युम्न पनेरु माध्यमिक विद्यालयलाई **कृषि प्राविधिक शिक्षालय** र त्रि-शहिद माध्यमिक विद्यालयलाई **सुचनामैत्री प्राविधिक शिक्षालय**को रुपमा आवश्यक संस्थागत र भौतिक संरचनाको विकास गरी पठनपाठनको कामलाई अगाडि बढाईएको छ ।

३२. यसैगरी आँधीखोला गाउँपालिकाभित्र **शिक्षातर्फका** ४ कोठे ७ वटा, ३ कोठे ४ वटा, २ कोठे ४ वटा सुविधासम्पन्न विद्यालय भवन र ३ वटा सुविधासम्पन्न विद्यालयका शौचालय सम्पन्नको अन्तिम चरणमा रहेका छन भने हाल ४ कोठे ७ वटा, ३ कोठे १ वटा सुविधासम्पन्न विद्यालय भवन ७ वटा सुविधासम्पन्न शौचालय र ३ वटा खानेपानीका आयोजना यसै बर्ष सम्झौता भई कार्यान्वयन प्रकृयामा अगाडि बढेका छन ।

३३. कोभिड-१९ को महामारीका कारण घोषित बन्दाबन्दीबाट प्रताडित आम कृषिमा आश्रित जनताको जीवनस्तरलाई सुधार गर्नको लागि कृषकसँगको सहलगानीमा सम्पुर्ण वडाभर ८ जातका तरकारीका मौसमी बिउबिजन, २ जातका मकैको विउ, ३ जातका धानको विउ, ४७५ थान प्लाष्टिक टनेल, कृषि चुन, माटो सुहाउँदो बिरुवा वितरण गरिएको र व्यवसायिक कृषक प्रोत्साहन कार्यक्रम अन्तर्गत २२ जना व्यवसायिक कृषकलाई **नगदसहित पुरस्कृत** गरिएको छ ।

आदरणीय सदस्य ज्यूहरु,

अब म सातौं गाउँ सभामा प्रस्तुत आगामी आ.ब. २०७७।०७८ को बजेट तथा कार्यक्रमहरु निर्माण गर्नका लागि "**कृषि, पर्यटन समुन्नत आँधीखोला गाउँपालिकाको आधार, सेवा,विकास,सुशासन र सम्बृद्धि नै हाम्रो कार्यभार**" भन्ने मूल नाराका साथ गाउँको संबृद्धि तर्फको यात्रालाई अगाडि बढाउने सोचका साथ निम्न क्षेत्रगत नीतिहरु जारी गरिएको व्यहोरा प्रस्तुत गर्न चाहान्छु ।

**स्पष्टोक्ति**

निम्न उल्लेखित क्षेत्रगत नीतिहरु गाउँपालिकाले सञ्चालन गर्दा कार्यक्रम योजना बनाई कार्यान्वयन गर्नेछ । गाउँपालिकाको आर्थिक र सामाजिक विकासको क्षेत्रमा मार्गदर्शनको रुपमा रहेका यी क्षेत्रगत नीतिहरु गाउँपालिकाको आन्तरिक एवं बाह्य स्रोतको पर्याप्तताको आधारमा क्रमशः कार्यान्वयन गर्दे लगिनेछ । साथै यी क्षेत्रगत नीतिहरु कार्यान्वयन नभएको भनी कुनै अड्डा अदालतमा उजुर बाजुर लाग्ने छैन ।

## आँधीखोला गाउँपालिकाको आ.ब. २०७७।०७८ को लागि अबलम्बन गर्ने क्षेत्रगत नीतिहरु

### १. आर्थिक विकास

(क)कृषि

१. कोभिड-१९ को महामारीबाट सम्भावित खाद्यसंकट तथा बेरोजगारी समस्या न्युनिकरण गर्दै करिव ८० प्रतिशत जनता कृषिमा आश्रीत रहेको हुँदा कृषकको जीबनस्तरलाई समुन्नत बनाउनका लागी कृषिमा उत्पादकत्व अभिबृद्धि गरी कृषिमा बिबिधिकरण, ब्यबसायीकरण, **आधुनिकिकरण र औद्योगिकिकरणको** नीति अबलम्बन गरिनेछ।

२. राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने बाली बस्तुको साना व्यवसायिक **कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमलाई** आँधीखोला गाउँपालिकाको कृषि तथा पशुपालनको सम्भाव्यता अध्ययन प्रतिवेदनको आधारमा सञ्चालनमा ल्याईनेछ ।

३. कृषि तथा पशुजन्य सम्पदाको संरक्षण एवं संवर्धन गर्दै कृषकलाई कृषिजन्य जोखिमबाट बचाउनको लागि **कृषि र पशु विमाका** कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४. कृषकको यथार्थ विवरण संकलन गरी कृषि क्षेत्रको बैज्ञानिक अनुसन्धानमार्फत कृषि विकास रणनीति तयार गरी **कृषि क्षेत्रलाई उद्योगको** रुपमा विकास गरिनेछ ।

५. कृषक दर्ता तथा व्यवस्थापन कार्यक्रमलाई प्रभावकारी ढंगले सञ्चालन गरिनेछ ।

६. निर्वाहमुखी कृषि प्रणालीबाट व्यवसायिकतातर्फ उन्मुख गराउन कृषकलाई मौरीपालन, च्याउको विउ, उन्नत तरकारीको बीउ, फलफूलको विरुवा, प्लाष्टिक टनेल, प्लाष्टिक पोखरी, माछाको भुरा, आधुनिक कृषि औजार तथा उपकरण आदिमा निश्चित प्रतिशत अनुदान दिई पौरखी किसान र कृषक समूहलाई प्रोत्साहन गर्ने तथा उत्पादित वस्तुहरुको बजारीकरणमा जोड दिईनेछ ।

७. **रासायनिक मललाई** प्रतिस्थापन गरी माटोमा भएको उर्वराशक्तिलाई क्षयीकरणबाट बचाउनका लागि प्राङ्गारिक मल लगायतका जैविक मलको प्रयोगमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

८. फलफुल तथा डालेघाँसको विरुवाको आयातलाई न्युनिकरण गरी कृषकलाई मागमा आधारित विरुवा उपलव्ध गराउन **गाउँपालिकास्तरीय नर्सरी स्थापना कार्यक्रम** अगाडि बढाईनेछ ।

९. **हावापानी सुहाउदो** तथा बजार मूल्य बढी पर्ने फलफूल जस्तै एभोकाडो, सुन्तला, कफी, अलैची, किबी, भुई स्याउ, मेकेडेमिया नट ईत्यादि उत्पादनमा कृषकलाई प्रोत्साहन गरिनुका साथै आबश्यक तालिम संचालन गरिनेछ ।

१०. कृषि बालीमा लाग्ने फौजी किरा, सलह कीरा लगायतका हानीकारक कीराहरुको **प्रकोप व्यवस्थापन** गरी कृषि उपजको संरक्षण गरिनेछ ।

११.विगत वर्षमा जस्तै यस वर्ष पनि **बाँदर नियन्त्रणको** कार्यक्रमलाइ सघन ढंगले अगाडि बढाउन घर वरपर रहेका र खेतियोग्य जमिनमा रहेका कु-काठहरुलाई हटाउदै बाँदर नियन्त्रणको बैकल्पिक कार्यको रुपमा अगाडी बढाउने नीति लिईएको छ ।

१२.विगतमा बाँझो रहेको खेतीयोग्य जग्गालाई खनजोत गरी उत्पादनयोग्य बनाई उत्पादन गर्ने कृषकलाई बिशेष रुपमा प्रोत्साहित गर्न **भुमि वैंक**को स्थापना गर्न पहल गरिनेछ ।

१३.जग्गाको खण्डिकरणलाई निरुत्साहित गरी जग्गाको चक्लाबन्दी मार्फत सामूहिक खेति गर्न कृषकलाई प्रोत्साहित गरिनेछ ।

१४.संघ र प्रदेश सरकारको साझेदारीमा **चिस्यान केन्द्रको** स्थापना गरि बेमौसमी लगायत अन्य कृषि उपजमा मुल्य वृद्दि गरिनेछ ।

१५.कृषकको खेतबारीमा उव्जने कृषि उपजहरुलाई हरेक वडामा संकलन केन्द्र बनाई **कृषि एम्बुलेन्स** मार्फत बजारीकरणको व्यवस्था गरिनेछ ।

१६.मौरीबाट मह उत्पादन मात्रै होईन, मौरीको चाकाबाट **मैनबत्ती** बनाउने कार्यक्रमलाई पनि अगाडि बढाईनेछ ।

१७.आँधीखोलालाई **असला माछाको** पहिचानको रुपमा बिकास गरिनेछ ।

१८.रैथाने जातका बालीको संरक्षण तथा प्रवर्दन गर्नका लागि **समुदायमा आधारित विउबिजन बैंकको** स्थापना गर्न प्रयत्न गरिनेछ ।

१९.**माटोको अम्लियपन, क्षारीयपन तथा उत्पादकत्व परिक्षण** गरी माटो सुधारका लागि सामाग्री तथा प्रविधि हस्तान्तरण गरिनेछ ।

२०.कृषि क्षेत्रमा **कृषक समुहहरुको** गठन र पुनर्गठन गरी ती समितिहरुलाई कृषि कार्यक्रममा आवद्ध गराउन तालीम, गोष्ठी जस्ता सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

(ख)पशुपंक्षीतर्फ

१. **कृषिप्रधान गाउँपालिकाको** रुपमा विकास गर्नका लागि पशुपालन व्यवसायलाई प्रवर्दन गरिनेछ ।

२. **अण्डा, माछा, मासुमा** आत्मनिर्भर बनी आयात प्रतिस्थापन गर्दै निर्यातमा प्रवर्धन गरिनेछ ।

३. पशुस्वास्थ्य व्यवस्थापनको लागि आवश्यक **औषधीको खरिद** व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ ।

४. **बाखा पकेट विकास कार्यक्रम र बाखा नमुना गाउँ घोषणाको** गर्ने प्रयत्न गरिनेछ ।

५. स्थानीय रैथाने जातको कालिज, बट्टाई, अष्ट्रिज, टर्की, कुखुरा र हाँसलाई प्रर्बधन गरिनुका साथै स्थानीय जातको कुखुरापालन गर्ने कृषकहरुलाई **पुरस्कृत तथा प्रोत्साहित** गरिनेछ ।

६. **दुध चिस्यान केन्द्रहरुको** स्थापना गरी स्थानीय कृषकहरुबाट उत्पादित दूधलाई चिस्यान केन्द्र मार्फत बजारमा सहज पहुँच पुर्याउन पहल गरिने छ ।

७. कृषकहरुको भकारोमा खेर गईरहेको गोबर र गहुँतबाट प्राङ्गारिक मल निर्माणको लागि कृषकहरुसँगको सहलगानीमा **गोठ सुधार, भकारो सुधार तथा मलखाद सुधार** जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८. पशुपालनका क्षेत्रमा **पशुसेवा समितिहरु** गठन गरी ती समितिहरुलाई पशु सेबा कार्यक्रममा आवद्ध गराउन तालीम, गोष्ठी जस्ता सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

९. कृत्रिम गर्भाधान मार्फत **नश्ल सुधार** गरी दुध तथा मासु उत्पादनमा बृद्धि गरिने छ ।

१०.पशु **विमा** सम्वन्धमा अभिमुखिकरण गरी पशु विमा प्रति प्रोत्साहन गरिने छ ।

११.लिमे ,पार्कोटे भैसी बाट जन्मिएका पाडा पाडी तथा कृतिम गर्भाधान बाट जन्मिएका **पाडा पाडीको संरक्षणमा** जोड दिईनेछ।

१२.पशुपालन व्यवसायलाई व्यवसाय उन्मुख गर्न उन्नत जातका **भुई तथा डाले घाँसहरु** प्रवर्द्धमा जोड दिईनेछ।

१३.**कृषि तथा पशुपंक्षी सम्बन्धी तथ्यांक अद्यावधिक** गर्ने कार्यक्रमलाई सञ्चालन गरिनेछ ।

**(ग) सिंचाई**

१. चैते धानको उत्पादकत्व वृद्दि गर्नका लागि चैते धान हुने क्षेत्रमा आवश्यकता अनुसार सहलगानीमा सिँचाई सुविधाको पर्याप्त रुपमा विकास गरिनेछ ।

२. कृषि उत्पादकत्व वृद्धिमा सहयोग पुर्याउन सिंचाई नपुगेका क्षेत्रलाई लक्षित गरी साना सिंचाई आयोजनाहरुलाई विशेष प्राथमिकताका साथ अगाडि बढाईने छ ।

३. जग्गा बाँझो हुन नदिई जमिनको उत्पादकत्वमा अभिवृद्दि गर्न गाउँपालिका भित्रका परम्परागत कुलाहरुलाई सहलगानीमा मर्मत तथा संभार गरी प्रयोगमा ल्याईने छ ।

४. कृषिको आधुनिकीकरण र व्यवसायिकरणका लागी आवश्यक सिंचाइ कुलो, लिफ्टिङ सिचाँई कुलाहरुको बिस्तृत परियोजना प्रतिबेदन तयार गर्दे अगाडि बढिनेछ ।

**(घ) सहकारी**

१. गाउँपालिका र सहकारीको समन्वय, साझेदारिमा **आयआर्जन र बचततर्फ उन्मुख गर्न विभिन्न कार्यक्रम** सञ्चालन गर्ने नीति लिईनेछ ।

२. सहकारी संस्थाहरुको अनुगमन निरिक्षण लाई प्रभावकारी वनाउँदै दण्ड र पुरस्कारको नीति अबलम्बन गरिनेछ ।

३. सहकारी संस्थाहरुसँग सहकार्य गरी व्यवसायिक किसानहरुलाई सर्वसुलभ दरमा ऋण उपलब्ध गराउन पहल गरिने छ ।

४. उद्यमशिलताको विकासका लागि कृषि उन्मुख तथा उत्पादनमुलक सहकारी संस्थाहरुलाई प्रवर्द्धन गर्न आवश्यक पहल गरिनेछ ।

५. महिला उद्यमीहरुको विकास गर्न लैगिक बिकास तथा सशक्तिकरण मार्फत महिला बिकासका लागि महिला सहकारी संस्था प्रवर्द्धनमा जोड दिईनेछ ।

**(ङ) उद्योग/वाणिज्य/आपूर्ति**

१. **लघु उद्यम** विकास कार्यक्रम संचालन गरी नयाँ लघु उद्यमीको सृजना र विद्यमान उद्यमीको स्तरोन्नति गरी उद्यमशीलता प्रवर्दन गरिनेछ ।

२. समूहगत रुपमा **प्रविधिको हस्तान्तरण** गरी प्रविधि हस्तान्तरणबाट गाउँपालिकाको विकास र समष्टिगत हितमा उपयोग गर्ने वातावरण तयार गरिनेछ ।

३. आँधीखोला गाउँपालिकाभित्रका सम्पुर्ण व्यवसायीहरुलाई एकिकृत गर्दै उद्योग व्यवसायीहरुको हित प्रवर्दनार्थ **संस्थागत संयन्त्र** तयार गरिनेछ ।

४. गाउँपालिका स्तरीय **उद्योग ग्राम तथा कृषिजन्य उद्योग** स्थापना गर्ने प्रयत्न गरिनेछ ।

५. गुणस्तरहीन एवं म्याद नाघेका बस्तुहरुको बिक्री बितरणलाई रोक्न, एकाधिकार र कृत्रिम अभावको स्थिति रहन नदिन प्रभावकारी नियमन तथा अनुगमन गरी उपभोक्ता हित संरक्षणका लागि **बजार अनुगमन**लाई निरन्तरता दिईनेछ ।

६. गाउँपालिका भित्र उत्पादन सम्भव भएका बस्तुहरु तथा सेवाको आयातलाई निरुत्साहित गरिनुका साथै आत्मसम्मानका साथ स्थानीय बस्तु तथा सेबाको प्रयोग गर्ने प्रवृतिलाई प्रोहत्साहित गरिनेछ ।

७. मसला बाली प्रबर्धन कार्यक्रम सञ्चालन गरी मसला उद्योग संचालनमा ल्याई मसला आयात गर्ने प्रबृतिलाई निरुत्साहित गर्ने नीति अबलम्बन गरिनेछ ।

**(च) पर्यटन/संस्कृतिः**

१. कोभिड-१९ का कारण नेपाल सरकारले घोषणा गरेको नेपाल भ्रमण बर्ष २०२० स्थगित गर्न बाध्य हुनुपरेको विद्यमान अवस्थालाई मध्यनजर गरी पर्यटन क्षेत्रको विकासमा परेको प्रभावको अध्ययन गरी पुनरुत्थान लगायत **दिगो पर्यटनका** कार्यक्रम कार्यान्वयन गरिनेछ ।

२. ट्रेकिङ पर्यटनलाई प्रोत्साहन गर्नका लागि **डहरेको लेकलाई जंगल पार्क**को रुपमा स्थापना गर्न प्रयत्न गरिनेछ ।

३. धार्मिक पर्यटनलाई व्यवस्थित गर्न आवश्यक प्रचारप्रसार गरिनेछ । साथै **वृहत पर्यटन** मेला सञ्चालन गरी पर्यटन प्रवर्दनलाई थप व्यवस्थित तुल्याईनेछ ।

४. स्थानीय भाषा, साहित्य, कला, संस्कृति र सम्पदाको **संरक्षण र संवर्धन** गरिनेछ ।

५. आँधीखोला गाउँपालिका भित्रका संभाव्य पर्यटकीय क्षेत्रहरुको जगेर्ना गर्दै भौतिक पुर्वाधारहरुको विकास मार्फत दिगो **पर्यटकीय गन्तव्य**को रुपमा विकास गरिनेछ । साथै पर्यटन क्षेत्रलाई रोजगारीको सृजना गर्न सम्भाव्य क्षेत्रका रुपमा विकास गरिनेछ ।

६. **अन्धाअन्धी श्रवण कुमार बृहत्तर गुरुयोजना** कार्यान्वयनका लागि आँधीखोला गाउँपालिकाले गौरवको योजनामा समावेश गरी कार्यक्रम अगाडि बढाउनेछ ।

७. **सिरुवारी सामुदायिक होमस्टे**को भौतिक पुर्वाधार निर्माणका लागि आवश्यक संस्थागत संरचनाको निर्माण गरिनेछ ।साथै **होम स्टेको** सेवा सुविधालाई प्रभावकारी बनाउन होमस्टेमा नियमित निरिक्षण तथा अनुगमन गरिनुका साथै होमस्टे सेवाको गुणस्तर सुधारका लागि प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिनेछ

।साथै नयाँ स्थानमा होमस्टेको स्थापना गरी यसलाई विस्तार गर्दै लैजाने नीति लिईनेछ ।

८. गाउँपालिकाको केन्द्रदेखि गाउँपालिका भित्रका प्रमुख पर्यटकीय क्षेत्रहरुसम्म पुग्न सकिने पर्यटन मार्गहरुको निर्माण गरिनेछ ।

९.ऐतिहासिक र परम्परागत रुपमा रहेका मठ,मन्दिर,गुफा,कोट लगायतका सम्पदाहरुको संरक्षण र सम्बर्धन गरी **पर्यटकिय गन्तब्य**को रुपमा बिकास गरिनेछ ।

१०.पर्यटन प्रवर्द्धनको लागि अन्धाअन्धी, श्रवणकुमार, सिरुवारी, जुम्लीथाना, पञ्चासे, डहरे देउराली क्षेत्रलाई एकिकृत प्रचारप्रसारमा टेवा पुर्याउन **वृहतर पर्यटन महोत्सव** सञ्चालन गर्ने नीति लिईनेछ ।

११.सबै जातजाति, भेषभुषा, संस्कृतिको संरक्षण र पहिचानको लागि **बहुजातीय संग्रहालय** निर्माण गर्न प्रयत्न गरिनेछ ।

## २. वातावरण तथा विपद व्यवस्थापन

### (क) बन

१. बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोप रोक्न मात्रै नभएर बनजङ्गलको संरक्षण तथा संवर्दन गर्दै वनलाई **व्यवसायिकरण र बजारीकरणको** रुपमा प्रवर्दन गरिनेछ ।

२. नाङ्गा डाँडाहरुमा वृक्षारोपण गरिनुका साथै सामुदायिक वन क्षेत्रमा चिराईतो, तेजपत्ता, अम्रिसो, कुरिलो, लप्सी, टिमुर, वेतवाँस जस्ता विभिन्न प्रजातिका रुखविरुवा एवं जडिबुटिलाई आधार मानी व्यवसायिक खेति प्रवर्द्धन गर्ने र सामुदायिक बन र निजी बनलाई गोडमेल तथा काँटछाँट गरी वन क्षेत्रमा रहेको गैरकाष्ठ बन पैदावरमा आधारित **उद्यम विकास**का कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३. बनफडानी र बन डढेलोलाई न्यूनिकरण गरी दिगो वन व्यवस्थापन र लोपोन्मुख बन्यजन्तु संरक्षणमा जोड दिइनेछ ।

४. सामुदायिक बनमा **पर्या-पर्यटन** प्रवर्द्धन गरिनेछ ।

५. सामुदायिक वन उपभोक्ता समितिको अभिमुखीकरण तथा पुनर्ताजकिकरण गरिनेछ।

### (ख) बातावरण

१. प्राकृतिक वातावरणको संरक्षण, पुनस्थापना र दिगो उपयोगमा जोड दिइनेछ ।
२. वातावरण मैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन गरिनेछ ।
३. गाउपालिकाभित्र सञ्चालन गरिने योजनालाई वातावरणमैत्री बनाइनेछ ।
४. जलबायु परिवर्तन अनुकुल सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ।
५. **जलचर प्रणाली र पारिस्थितिक प्रणालीको** सन्तुलन कायम राख्न आँधीखोलामा माछाका भुराहरु छोड्न प्रयत्न गरिनेछ ।
६. पारिस्थितिक प्रणाली लाई दिगो व्यवस्थापन गर्न गाउँपालिका भित्रका तालतलैया,पोखरी, कुवा, चौतारीको **संरक्षण** र **विस्तार** गर्ने नीति लिईनेछ ।

## (ग) फाहोरमैला व्यवस्थापन

१. फोहोरमैलाको दिगो र प्रभावकारी व्यवस्थापनका लागि आमा समूह, टोल विकास संस्था युवा क्लव र विद्यालयसँग सहकार्य गरिनेछ र फोहोरलाई कुहिने र नकुहिने गरी बर्गीकरण गर्न **सचेतनामुलक कार्यक्रम** सञ्चालन गरी **स्वच्छ नेपाल निर्माण अभियान** सञ्चालन गरिनेछ ।
२. फोहोरमैलालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने व्यवसायलाई प्रोत्साहित गरिनेछ ।
३. फोहोरमैला व्यवस्थापनका लागि डम्पिङ साईटको व्यवस्था गरी आवश्यक पुर्वाधार तयार गर्न प्रयत्न गरिनेछ ।
४. बृहत **आँधीखोला सरसफाई अभियान** सञ्चालन गरिनेछ ।

## (घ) विपद व्यवस्थापन

१. कोरोना भाईरस(कोभिड-१९) जस्तै महामारी तथा अन्य प्रकोप न्युनिकरणको बिषयलाई बिशेष महत्वका साथ अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रुपमा कार्ययोजना बनाई व्यवस्थापन गरिनेछ ।
२. विपद व्यवस्थापन कोषलाई समृद्द बनाउनका लागि बैकल्पिक आम्दानीका श्रोतहरु खोजी गरिनेछ ।

३. बाढी, पहिरो, भूकम्प, आगलागी जस्ता प्राकृतिक तथा मानवीय विपत्तिमा आवश्यक पूर्वसावधानी अपनाउँदै राहत, उद्दार र पुर्नस्र्थापनाका कार्यक्रमलाई सञ्चालन गरी निरोधात्मक र उपचारात्मक उपायहरु प्रवर्दन गरिनेछ ।

४. मानवीय तथा जैविक विपत्तिका सन्दर्भमा आवश्यक भौतिक, संस्थागत लगायतका क्षेत्रको विकास तथा सुदृढिकरण गरिनेछ ।

५. विपदबाट सिर्जित विभिन्न जोखिमहरु व्यवस्थापन गर्न यसको मूल्यांकन गरी क्षतिपुर्तिको व्यवस्था गरिनेछ ।

६. जोखिमयुक्त क्षेत्रको पहिचान गरी बस्तीको सुरक्षित स्थानान्तरण गर्ने व्यवस्था गरिनेछ ।

७. आँधीखोला, सरादी खोला, बाढुङ्गे खोला लगायतका खोलाहरुमा तटबन्ध लगाई **जोखिम नियन्त्रण** गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

३. **सामाजिक क्षेत्र**

**(क) शिक्षाः** ।

१. शिक्षा क्षेत्रमा सकरात्मक, गुणात्मक, नतिजामुलक परिवर्तन गर्न बिद्यालयको **शैक्षिक गुणस्तर सुधार कार्यक्रम** अन्तर्गत अध्यक्ष शैक्षिक गुणस्तर सुधार कार्यक्रम सञ्चालन गरिनेछ जस अन्तर्गत सूचना प्रविधिको माध्यमद्वारा सिकाई, बिद्दुतिय हाजिरी, बालबिकास केन्द्रको सुधार तथा शिक्षक तालिम, शिक्षक प्रोत्साहन कार्यक्रम र थप पाठ्यपुस्तक बितरण लगायतका कार्यक्रमलाई निरन्तरता दिदै नमुना वाल बिकास केन्द्र स्थापना गर्ने नीति लिइनेछ ।

२. ज्ञान र सीपलाई उत्पादनसँग जोडि उद्धमशिलता प्रर्बद्धन गर्ने कार्यलाई महत्व दिदै विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई शिक्षण सिकाईकै अभिन्न अंगका रुपमा उत्पादनसँग जोडन **"उत्पादनसँग विद्यार्थी विद्यार्थीसँग अध्यक्ष"** कार्यक्रम सञ्चालन गरिनेछ ।

३. सामुदायिक विद्यालयमा अध्ययनरत किशोरी अवस्थाका छात्रालाई **निशुल्क सेनेटरी प्याड** वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४. बालबालिकाहरुको विद्यालयप्रतिको लगाब बढाउन, सुरक्षित तथा सन्तुलित पोषण कायम गर्न र विद्यार्थीको भर्ना प्रकृया र नियमित उपस्थितिको लागि कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरुको लागि **दिवा खाजा कार्यक्रम** लागू गरिनेछ ।

५. सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाई प्रक्रियाको अभिन्न अंगका रुपमा एकीकृत गर्दै प्रविधिमैत्रि व्यवहारिक र नतिजामूलक बनाउने र सम्पूर्ण विद्यालयहरुको अनलाइनमा आधारित **एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली**को सुदृढीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

७. सम्पूर्ण विद्यालयमा योग्य सक्षम प्रतिस्पर्धी व्यवसायिक शिक्षकको व्यवस्थापन गर्दै उनीहरुको उत्प्रेरणा ,पेशागत नैतिकता सक्षमता अभिवृद्धि गर्नुका साथै शिक्षकहरुको कार्यसम्पादनलाई विद्यार्थीको **सिकाई उपलब्धिसँग** जोडिनेछ

८. प्रत्येक माध्यमिक विद्यालयहरुले आफनो सेवाक्षेत्रभित्र रहेका आधारभूत विद्यालयहरुलाई शैक्षिक सुधारको जिम्मा लिने वातावरण सृजना गरी आधारभूत तहको शैक्षिक गुणस्तर सुधार गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।

९. तहगत रुपमा शिक्षक दरबन्दि नभएका विद्यालयमा **शिक्षक दरवन्दीको बैकल्पिक स्रोतको** खोजि गरी शिक्षक अभावले शिक्षण सिकाई क्रियाकलापमा पर्ने बाधाको अन्त्य गर्न प्रयत्न गरिनेछ ।

१०. सामुदायिक विद्यालयहरुमा दिगो विकासका लागि आधारभुत **पूर्वाधार निर्माण** र **प्रविधिमैत्री जनशक्ति विकासमा** जोड दिने नीति लिइनेछ ।

११. शिक्षालाई व्यवहारिक र जीवनउपयोगी वनाइ यसबाट उत्पादन हुने मानव संसाधनलाई **“बजारमा काम समाजमा नाम र गोजिमा दाम”** सँग तादाम्यता गरी गुणस्तरीय शिक्षा प्रवद्धन गर्नका निमित्त आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. प्रत्येक विद्यालयलाई सुरक्षित बनाउन **सुरक्षित घेराबार** र विद्यालयमा **स्वच्छ खानेपानीको** कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ ।

१३. **आवासिय विद्यालयको** निर्माण र विद्यालय बस सञ्चालन गर्ने प्रयत्न गरिनेछ ।

१४. निःशुल्क पाठ्यपुस्तक वितरण, छात्रवृत्ति वितरण र कार्यसम्पादनमा आधारित प्रोत्साहन कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

१५. परम्परागत र धार्मिक विद्यालयलाई प्रोत्साहित गरिनेछ ।

१६. उच्च शिक्षा सञ्चालन भएका विद्यालयहरुलाई प्राविधिक तर्फको शिक्षा विकासमा रुपान्तरण गर्न प्रयत्न गरिनेछ ।

**(ख) स्वास्थ्यः**

१. कोभिड १९ भाइरस रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्न गाउँपालिकाले संचालनमा ल्याएको क्वारेन्टिनलाई थप व्यवस्थापन गर्दै लगिने छ साथै आवश्यकता अनुसार आईसोलेसन स्थापना गरी विभिन्न माहामारी जन्य रोगको रोकथाम, नियन्त्रण, निगरानी

तथा व्यवस्थापनको लागि तिन तहको समन्वयमा संक्रमण रोकथाम कार्यहरुलाई न्युनिकरण गरिनेछ । कोभिड-१९ व्यवस्थापन तथा नियन्त्रणमा प्रत्यक्ष रुपमा संलग्न भइ कार्य गर्ने स्वास्थ्यकर्मी तथा **कर्मचारीहरुलाई विशेष प्रोत्साहन** गर्ने व्यवस्था गरिने छ।

२. श्रवण कुमार ज्येष्ठ नागरिक गाउँघर **स्वास्थ्य क्लिनिक** कार्यक्रमलाइ निरन्तरता दिइनेछ।

३. **साहाना प्रधान गर्भवति महिला स्वास्थ्य सुधार तथा सुत्केरी प्रोत्साहन कार्यक्रम** अन्तर्गत स्वास्थ्य संस्थामा गर्भजाँच प्रोटोकल अनुसार जाँच गराउँदा प्रोत्साहन, गाउँपालिका भित्र सुचिकृत बर्थिङ सेन्टरमा प्रसुति गराए वापतको यातायात खर्च, प्रसुति पस्चात PNC Home visit साथै गर्भवति महिलालाई क्याल्सियम वितरण गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

४. गाउँपालिकावाट संचालित एम्बुलेन्स सेवालाई थप **सहुलियतपुर्ण** बनाउँदै लगिनेछ ।

५. **निरोगी नेपाली निर्माण**को लागि प्रकृतिमैत्री स्वच्छ जीवन प्रणाली प्रवर्धन गरी रोग प्रतिरोधी क्षमता वृद्दि गर्न स्वास्थ्य क्षेत्रमा निरोधात्मक, प्रतिरोधात्मक र उपचारात्मक विधि अवलम्बन गरिनेछ ।

६. आगामी बर्ष आँधीखोला गाउँपालिकाको पुर्ण स्वामित्वमा रहने गरी सुविधासम्पन्न **अस्पताल** निर्माण गर्ने कार्यप्रारम्भ गरी गाउँपालिकाभित्र नै गुणस्तरीय स्वास्थ्य उपचार सेवा उपलव्ध गराउन आवश्यक पुर्वाधारको विकास गरी गाउँपालिका स्तरीय १५ सैयाको अस्पताल संचालनमा ल्याउनपहल गरिने छ ।

७. **वाडसिङ देउराली स्वास्थ्य चौकी**लाई मापदण्ड वमोजिमको नयाँ भवन निर्माणको प्रक्रियालाइ अगाडि वढाइनेछ ।

८. किशोरकिशोरी तथा प्रजनन स्वास्थ्य अधिकार प्रत्याभुत गराउँदै महिनावरी स्वास्थ्य व्यवस्थापन लागि **सेनिटरी प्याड** वितरण साथै महिनावारी सरसफाइ सचेतना गराउने व्यवस्था मिलाइने छ ।

९. **आमा सुरक्षा, खोप, पोषण, परिवार नियोजन** साथै किशोर किशोरी कार्यक्रमलाई थप प्रभावकारी वनाउन आवश्यक पर्ने कार्यक्रमहरु संचालन गरिने छ ।

१०.महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई **प्रोत्साहन** गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११.**एक टोल विकास संस्था एक स्टेचर कार्यक्रम**लाई अगाडि वढाइने छ ।

१२.आँधीखोला गाउँपालिका अन्तर्गतका सुचिकृत वर्थिङ्ग सेन्टरमा प्रसुति गराउँदा विशेष जटिलता आइ माथिल्लो स्वास्थ्य संस्था वा अस्पतालमा प्रेषण गर्न **सुविधासहित** आवश्यक व्यवस्था मिलाईने छ ।

१३. निजि तथा गैर सरकारी क्षेत्रवाट सञ्चालित निदान केन्द्र, औषधी पसल लगायतका स्वास्थ्य संस्थाहरुको कानुनी व्यवस्था गरी दर्ता, नविकरण, सहजीकरण र नियमन गरिने छ ।

१४.आयुर्वेद औषाधालय स्थापना तथा संचालन साथै होमियोप्याथिक एवं प्राकृतिक चिकित्सा प्रणालीको बिस्तार गरी व्यायामशाला, आरोग्य केन्द्र र योग केन्द्र स्थापना गर्न प्रयत्न गरिनेछ ।

(ग) खानेपानीः

१. गाँउपालिका भित्रका सबै जनताका लागि **गुणस्तरीय तथा सर्बसुलभ खानेपानीमा** पहुँच अभिबृद्धि गरिनेछ।

२. खानेपानीका सम्पूर्ण स्रोतहरुलाई महत्तम उपयोग गरी **एक घर एक धाराको** नीतिलाई आत्मसात गरिनेछ र आवश्यकता अनुसार खानेपानीका आयोजनाको लागि बिस्तृत परियोजना प्रतिबेदन तयार गरिनेछ । साथै संघिय सरकार र प्रदेश सरकारको सहलगानीमा अन्य आवश्यक **क्षेत्रगत खानेपानीका योजनाहरुलाई** यस बर्ष पनि सञ्चालन गरिनेछ ।

३. सरसफाई कार्यक्रमलाई खानेपानी आयोजनाको अभिन्न अङ्गको रुपमा सञ्चालन गरिनेछ । गाउँ क्षेत्रको सरसफाइ कार्यलाई तीव्रता र निरन्तरता दिइने छ ।

(घ) महिला, दलित तथा जनजातिः

१. महिलाहरुको सीप, क्षमता र दक्षता अभिवृद्धि गरी आयआर्जनमा बृद्धि गर्नका लागि आधुनिक सीप तथा तालिम लगायतका कार्यक्रम सञ्चालन गर्न निरन्तरता दिईनेछ ।

२. सबै प्रकारका महिला हिंसा तथा महिलालाई गरिने दुर्व्यव्हार रोकी समतामूलक समाजको निर्माण गर्नका लागि हिंसा तथा दुर्व्यबहार प्रति शून्य सहनशीलताको नीति अवलम्वन गरिने छ ।

३. छुवाछुत तथा जातीय भेदभाव विरुद्धको जनचेतना थप प्रभाबकारी अभियान संचालन गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४. आँधीखोला गाँउपालिकाका युबा जनशक्तिहरुको राष्ट्रसेबाप्रति आकर्षणमा थप अभिवृद्धि गर्न लोक सेवा आयोग तथा शिक्षक सेवा आयोगको तयारी कक्षा सञ्चालन गर्नका लागि आबश्यक ब्यबस्था गरीनेछ ।

५. आमा समूहहरुको अगुवाईमा टोल बस्तीमा **सृजनात्मक,रचनात्मक क्रियाकलापहरु** सञ्चालन गरिनेछ ।

६. **लैंगिक हिंसा निवारण कोषको** स्थापना गरी समाजमा लैंगिक आधारमा हुने भेदभाव तथा हिंसाजन्य गतिविधिलाई निरुत्साहित गर्नमा उपयोगमा ल्याईनेछ ।

(ङ) बालबालिकाः

१. आँधीखोला गाउँपालिकाका कम्तिमा २ वटा वडाहरु **बालमैत्री** वडा घोषणा गर्ने नीति लिइने छ ।

२. वालवालिकाको रचनात्मक क्षमता विकासको लागि विभिन्न कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ ।

३. बालबालिकामाथि हुने सबै किसिमका भेदभाव, यातना, दुर्व्यवहार तथा जोखिमबाट मुक्त गराउन **संस्थागत संरचनाको विकास** गरिनेछ ।

४. अभिभावक विहिन वालवालिकाको संरक्षणको लागि विशेष व्यवस्था गरिनेछ ।

५. व्यक्तिगत घटना दर्तालाई अभियानको रुपमा संचालन गरी यससम्बन्धी कार्यलाई **डिजिटाईजेसन** गरिनेछ ।

६. बालबालिकाको यथार्थ विवरण संकलन गर्नका लागि **बालबालिका प्रोफाईल** तयार गरिनेछ ।

**(च) फरक क्षमता भएका व्यक्तिहरू:**

१. आफ्नो हेरचाह आफै गर्न नसक्ने वा श्रम गर्न नसक्ने अशक्त तथा असहाय अपांगता भएका व्यक्ति, महिला वालवालिकाको पहिचान गरी सामाजिक संरक्षणको व्यवस्था गरिनेछ ।

२. गाँउपालिकाभित्र रहेका फरक क्षमता भएका व्यक्तिहरुको पहिचान गरी परिचय-पत्र बितरण र फरक क्षमता भएका व्यक्तिहरुको क्षमता पहिचान गरी आयमूलक कार्यमा संलग्न गराई व्यवसायिक जीवन कायम गरिनेछ।

३. अपाङ्गता भएका ब्याक्ति बिरुद्ध हुने भेदभाव अन्त्य गरी उनिहरुको नागरिक,राजनितिक,आर्थिक,सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान,संरक्षण र सम्बर्द्धन गरिनेछ ।

४. फरक क्षमता भएका व्यक्तिहरुको दैनिक जिबनयापनमा सहजता प्रदान गर्न आबश्यक सहायक सामाग्री बितरण गरिनेछ ।

५. शारीरिक,मानसिक,बौद्धिक रुपमा फरक क्षमता भएका व्यक्तिहरुको अन्य ब्याक्ति सरह समाजमा सम्मानजनक ढंगले जीबनयापन गर्नै बाताबरण तयार गरिनेछ ।

**(छ) युवा तथा खेलकुद:**

१. खेलले मानिसको शारीरिक र मानसिक सन्तुलन कायम गर्ने र समाजमा सकरात्मक सोचको विकास गर्ने अभिप्राय स्वरुप **खेल खेल्ने व्यक्ति, समाज र सिंगो गाउँपालिकाको** गौरब बढाउन खेलकुदका कार्यक्रमलाई गाउँपालिकास्तर र समुदायस्तरमा अगाडि बढाईनेछ ।

२. गाँउपालिकाको युबा जनशक्तिलाई स्बस्थ,सक्षम र अनुशाशित बनाउनका लागी युबाहरुलाई खेलकुदमा आबद्ध गरिनेछ र खेलकुदलाई आँधीखोला गाँउपालिकाको सम्मान अभिबृद्धि गर्ने माध्यमको रुपमा बिकास गरिनेछ ।

३. **गाउँपालिका स्तरीय खेल मैदान** बनाउने कार्यलाई निरन्तरता दिईनेछ ।

४. युवा उद्यमी बिकासका लागि शिक्षा, तालिम, रोजगारीलाई विशेष ध्यान दिदै सहुलियत दरको ऋण उपलब्ध गराउन प्रयत्न गरिनेछ ।

(ज) ज्येष्ठ नागरिक:

१. जेष्ठ नागरिकहरुमा रहेको ज्ञान,सीप,क्षमता र अनुभवलाई सदुपयोग गरी निजहरु प्रति श्रद्धा आदार र सदभाबमा अभिबृद्धि गरिनेछ ।

२. ज्येष्ठ नागरिक परिचयपत्र वितरण र सम्मानको कार्यक्रमलाई निरन्तरता दिईनेछ।

३. ज्येष्ठ नागरिक **दिवा सेवा केन्द्र।पार्क** कार्यक्रम सञ्चालन गरी ज्येष्ठ नागरिकको सीप पहिचान गरी आयमुलक बनाईनेछ ।

४. ज्येष्ठ नागरिकको **संरक्षण र सामाजिक सुरक्षा** लाई प्रभाबकारी बनाईनेछ ।

(झ) रोजगारी:

१. विद्यमान गरीवीको अन्त्य गर्नका लागि **कोही भोकै पर्दैन, भोकले कोही मर्दैन** भन्ने राष्ट्रिय संकल्पलाई आयआर्जनका कार्यक्रमसँग आवद्द गरिनेछ ।

२. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सीपयुक्त दक्ष जनशक्ति, रोजगारीको क्षेत्र र रोजगारसँग सम्बन्धित अन्य कार्यक्रमसँग आवद्द गरी यथार्थ उत्पादनमुलक रोजगारी सृजना गर्ने वेरोजगार लक्षित गरी कामका लागी पारीश्रकिकमा आधारित **सामुदायिक आयोजना**लाई अभियानको रुपमा कार्यान्वयन गरिनेछ ।

३. संगठित तथा असंगठित क्षेत्रमा काम गर्ने कामदारको सुदुर भविष्यको सम्मानका खातिर **योगदानमा आधारित सामाजिक सुरक्षा प्रणाली**लाई सुदृढ गरी सामाजिक सुरक्षालाई दिगो बनाईनेछ ।

४. विभिन्न आयोजना तथा कार्यक्रममार्फत समुदायस्तरका समुहहरुलाई उपलव्ध गराएको पुंजी रकम र समुहले बचत गरेको लगत अद्यावधिक गरी सो रकम रोजगारी सृजना तथा आयआर्जन र उत्पादनमुलक कार्यमा परिचालन गरिनेछ ।साथै **टोल विकास संस्थासँग गरीवि निवारण** कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

५. विपन्न श्रमिकको रोजगारको निमित्त **खाद्यान्नको लागि काम कार्यक्रम** सञ्चालन गरिनेछ ।

४. **भौतिक पूर्वाधार क्षेत्र:**

१. **नयाँ ट्र्याक** खोल्ने योजनालाई प्राथमिकतामा नराखी भएका सडकलाई स्तरोन्नति गर्ने काम गरिनेछ । नयाँ ट्र्याक खोल्ने सडकका हकमा निश्चित मापदण्ड बनाई लागू गरिने नीति लिईनेछ ।

२. गाउँपालिकाभित्र **नमुना सडक** निर्माणको कामलाई यस बर्ष पनि निरन्तरता दिईनेछ ।

३. **गाउँपालिकाको केन्द्र बाट वडा केन्द्रसम्म** पुग्ने सडकहरुलाई स्तरउन्नत्ति तथा कालोपत्रे गर्न प्राथमिकता दिईने छ ।

४. सार्वजनिक सडकको दायाँबायाँ **बायो-ईन्जिनियरिङ** प्रविधिको प्रयोग गरि बिकास योजनाको कम्तिमा १ प्रतिशत रकम भु-क्षय रोकथाममा लगानी गरिनेछ ।

५. सडक लगायत पुर्वाधारका काममा **कम्तिमा तिस प्रतिशत स्टक्चरको** काम गर्नुपर्नेछ ।

६. गाउँपालिका भित्रका रणनीतिक सडकहरुमा सडक यातायात गुरुयोजनाले निर्धारण गरेको मापदण्ड लागु गरिने छ र गाउँपालिकाको रणनितीक महत्वको सडकहरुको **बिस्तृत परियोजना प्रतिबेदन** तयार गरिनेछ ।

७. बिकास साझेदारहरुको सहकार्यमा नयाँ निर्माण गर्नुपर्ने झोलुङ्गेपुल निर्माण र मर्मत सम्भार गरी सञ्चालन हुने झोलुङ्गेपुल लाई आबश्यकता अनुसार मर्मत सम्भार गरिनेछ ।

८. MTMP ले तोकेको मापदण्ड अनुसार आँधीखोला गाँउपालिका भित्रका सडकहरुको सडक मापदण्ड अनुसार जग्गाको लगत कट्टा गर्नका लागी पहल गरिनेछ ।

९. कन्टिन्जेन्सी तर्फको रकमबाट कम्तिमा **तीस प्रतिशत** रकम आकस्मिक कोष खडा गरी जम्मा गरिने छ ।

१०. हरेक वर्षको **फाल्गुन मसान्तभित्र** पुर्वाधार तर्फका आयोजनाहरु सम्पन्न गराउने नीतिलाई निरन्तरता दिईनेछ ।

११. आँधीखोला गाउँपालिकाका गौरवका योजनालाई रकमको अभाव हुन दिइने छैन।

१२. संघिय सरकारको लगानीमा विगत वर्षदेखी निर्माण शुरु भई आँधीखोला गाउँपालिकाको सक्रियतामा यस बर्ष निर्माण सम्पन्नता गर्ने उद्देश्य राखी अगाडि बढिएको सन्दर्भमा यस बर्ष विविध कारणवश निर्माण कार्य रोकिएको आँधीखोला-५ र ६ जोड्ने सेतिदोभान ढाँडखेतमा रहेको **आँधीखोला पुल** निर्माण सम्पन्नताका लागि आवश्यक पहल गर्ने नीति लिईनेछ ।

## ५. बस्ती विकास,शहरी योजना तथा भवन निर्माण:

१. सेवा प्रवाहलाई आधुनिक, सहज, सरल र सुविधासम्पन्न बनाउन गाउँपालिकाको **प्रमुख प्रशासकीय भवन,** आँधीखोला गाउँपालिकामा आयोजित विभिन्न सभा, सम्मेलन आयोजना गर्न स्थानको पर्याप्तता भएको र गाउँपालिकास्तरीय बस्तीको विकास गरी गाउँपालिकाको केन्द्रलाई व्यापारिक दृष्टिले सुदृढ बनाउन **बहुउद्देश्यीय सभाहल व्यापारिक तथा सपिङ कम्प्लेक्स** जस्ता गाउँपालिकाका गौरब आयोजनाका कामलाई सम्पन्न गर्ने लक्ष्यका साथ आवश्यक तादाम्यता मिलाईनेछ ।

२. जनताको जिउधन र सुरक्षा प्रत्याभुति गराउन सुरक्षा संयन्त्रलाई प्रभावकारी बनाउनका लागी चिलाउनेबाँस प्रहरी चौकीको भवन निर्माणका लागी आबश्यक

पहल गरिनेछ। साथै सेतिदोभान प्रहरी चौकी र पञ्चमुल प्रहरी चौकीको स्तरोन्नति तथा संरचनागत सुधारका लागी आबश्यक पहल गरिनेछ ।

३. गाँउपालिकामा खरको छानालाई बिस्थापित गरी जनताको सुरक्षित आबासको हकलाई प्रत्याभुत गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

४. गाउँपालिकाभित्र रहेका साना बजारलाई व्यवस्थित बनाउन भित्री बाटाहरुको स्तरोन्नति गरिनेछ ।

५. सरकारी भवनहरुलाई बालमैत्री, ज्येष्ठनागरिक मैत्री तथा अपाङ्ग मैत्री बनाईनेछ ।

६. सडक दायाँबायाँका अतिक्रमित भवन तथा टहराहरु सम्बन्धित सडकको मापदण्ड अनुसार हटाउने नीति लिइने छ ।

६. उर्जा र बैकल्पिक उर्जाः

१. जैविक रुपमा रहेको बायोग्यास, गोबरग्यास लगायतका स्थानीय साधन श्रोतलाई परिचालन गरी **बैकल्पिक उर्जा उत्पादनका लागि कार्यक्रम**हरु सञ्चालन गरिनेछ ।

२. **सौर्य सडक बत्तिको** कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

३. गाउँपालिका मातहतका **सरकारी निकायहरुमा** बैकल्पिक उर्जाको कार्यक्रमलाई प्रबर्द्धन तथा मर्मत सम्भारलाई जोड दिइनेछ ।

४. गाँउपालिका भित्र रहेको बिद्युत प्रसारण लाईनलाई ब्यबस्थित गर्न स्टिल पोलले जीर्ण पोलहरुलाई बिस्थापन गर्ने र बिद्युत प्रसारण लाईनको मापदण्ड वरिपरिका रुखहरु कटान गरी बिद्युत आपुर्तिलाई सहज बनाईनेछ ।

७. **संस्थागत विकास,सेवा प्रवाह र सुशासनः**

**(क) क्षमता विकासः**

१. टोल विकास संस्था र आमा समूह युवा क्लब विपन्न वर्गहरुको क्षमता विकास गर्दे **उद्यमशिल कार्यक्रम**हरु अवलम्वन गर्न प्रेरित गरिने छ ।

२. उपभोक्ता समितिको क्षमता विकासको निम्ति आवश्यक **तालिम** उपलब्ध गराईने छ ।

३. टोल विकास संस्थाका पदाधिकारीलाई निरन्तर **अभिमुखीकरण तथा पुनर्ताजगी सामाग्री** उपलव्ध गराईनेछ ।

**(ख) सार्वजनिक जग्गा संरक्षणः**

गाउँपालिका भित्रका सार्वजनिक जग्गाहरुको संरक्षणको लागि बिशेष पहल गरिनेछ । गाउँक्षेत्र भित्रका ऐलानी/पर्तिजग्गाको लगत लिई संरक्षणको कार्यलाई अगाडि बढाइने छ र ऐलानी/ पर्ति जग्गाको उपयोग गरी आय आर्जनको रुपमा परिणत गर्न योजना र कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै सरकारी जग्गाहरुको समेत लगत लिई व्यवस्थित

गरिने छ । सार्वजनिक जग्गामा बनेका घर,भवन,सटर,टहरा,घुम्तीहरुलाई गाउँपालिकाको दायरामा ल्याईने नीति लिईनेछ ।

(ग) **सूचना तथा संचार प्रविधिः**

१. गाउँपालिकाको **बिद्युतीय सुशासन कार्ययोजना** निर्माण गरिनेछ ।
२. गाउँपालिकाको **विद्युतीय तथ्यांकको** सुरक्षा गरिनेछ ।
३. आँधीखोला गाउँपालिकाको निश्चित स्थानमा **फ्रि वाईफाई** जोनको व्यवस्था गरी यसको प्रभावकारितामा जोड दिईनेछ ।

(घ) **राजस्व सम्बन्धी नीतिः**

१. जनतामा **कर** तिर्ने संस्कार निर्माणका लागि जनताहरुमा कर प्रतिको सचेतना र सम्बेदनशिलता अभिबृद्धि गरिनेछ ।
२. प्रत्येक वडाबाट संकलन गरिने राजश्वलाई पारदर्शी तथा ब्यबस्थित बनाउनका लागी राजश्व संकलनको **एकिकृत सफ्टवेयर** लाई अध्यावधिक गरिनेछ ।
३. बस्ती बस्तीमा पुगी कर संकलन सम्बन्धि सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरि **घुम्ती शिविर** मार्फत कर संकलनको अभियानलाई प्रभावकारी बनाईनेछ ।
४. कर संकलनलाई अझ बढी व्यवस्थित बनाउन र कर प्रशासनलाई प्रभावकारी बनाउन समयमा कर तिर्ने, धेरै कर तिर्ने, करदातालाई **पुरस्कार** र उपरोक्तानुसार भाखा नाघी कर बुझाउने करदातालाई **दण्डको** व्यवस्था गरिनेछ ।

(ङ) **पेश्की बेरुजु फछ्र्यौट सम्बन्धी नीतिः**

१. हालसम्मको बेरुजुलाई **शुन्यमा** झार्ने नीति लिइने छ ।
२. बेरुजु सृजना हुने स्थिति आउन नदिन **कार्यविधिगत तथा प्रकृयागत** व्यवस्थालाई सुदृढ गरिनेछ ।
३. पुरानो पेश्की बाँकी रहेका व्यक्ति वा संघसंस्थाहरुलाई अविलम्व पेश्की फछ्यौंट गराउन आवश्यक पहल गरिने छ साथै दोहोरो **पेश्कीलाई निषेध** गरिएको छ ।

(च) **लेखापालन तथा लेखा व्यवस्थापन सम्बन्धी नीतिः**

१. आर्थिक प्रशासनको बैज्ञानिक व्यवस्थापन गरी लेखापालनलाई **मितव्ययी र प्रभावकारी** बनाइने छ ।
२. सार्वजनिक खर्चको मितव्ययितालाई विशेष ग्राहयता दिइने,कोरोना महामारीको कारण राजश्वमा कमी भई समग्र देशको आर्थिक अवस्था कमजोर भएको हुनाले सार्वजनिक खर्च कम गरी **चालु खर्च** घटाईनेछ ।
३. गाउँपालिकाको आय व्ययलाई **चौमासिक रुपमा** सूचना पाटी तथा वेवसाईटमा सार्वजनिक गरिनेछ ।
४. लेखा प्रणाली लाई **सुत्र प्रणाली** अन्तर्गतको सफ्टवेयर मार्फत व्यवस्थित गर्ने कामलाई निरन्तरता दिईनेछ ।

(छ) **सुशासनः**

१. सरकारी क्षेत्रबाट हुने पुँजीगत खर्चको गुणस्तरीयता कायम गरी पुँजी तथा सम्पत्ति निर्माण गरिनेछ । सार्वजनिक श्रोतमा आउने संकुचन र कोरोना महामारी रोगको रोकथाम, नियन्त्रण र प्रभाव न्युनिकरण गर्न फजुल तथा अनुत्पादक तथा अन्य प्रोत्साहन लगायतका सामूहिक खर्च कटौती गरी **चालु खर्चमा मितव्ययिता** अपनाईने नीति लिईएको छ ।

२. आँधीखोला गाउँपालिकाका सम्पुर्ण जनप्रतिनिधिहरुको प्रदेश सरकारले तोकेको सेवा सुविधाहरुमा **एक प्रतिशत**का दरले कट्टा गरी सामाजिक सुरक्षा कोषमा रकम जम्मा गरिनेछ ।

३. सबै प्रकारको भ्रष्टाचार प्रति **शुन्य सहनशिलता**को नीति लिईनेछ ।

४. आँधीखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय र यस अन्तर्गतका वडा कार्यालयहरुको सेबा प्रबाहलाई चुस्त पारदर्शी एवं जबाफदेही बनाउन **घुम्ती सेबा,सार्बजनिक सुनुवाई,सामाजिक परीक्षण,सार्बजनिक परीक्षण** लगायत अन्य सेबाग्राहीमैत्री कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

५. पर्यटन बिकास समिति लगायतका बिभिन्न समितिहरुको साझेदारीमा संस्थागत क्षमता बिकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

६. गाँउपालिका भित्रका सबै सरकारी कार्यालय र बिद्यालयमा बिद्युतिय हाजिरीको ब्यबस्था गरिनेछ ।

७. गाँउपालिकामा जनताको पहुँच सरल र सहज रुपमा होस भन्ने हेतुले बिद्युतिय सुशासनका माध्यमहरु टोल फ्री टेलिफोन नं, अडियो नोटिस बोर्ड आदिको ब्यबस्था गर्न प्रयत्न गरिनेछ ।

(ज) **कर्मचारी प्रशासनः**

१. कर्मचारीको मनोवल उच्च पार्ने नीति लिइने छ । कार्यालयको हित र आन्तरिक आयमा सक्रिय रुपमा लाग्ने कर्मचारीलाई मापदण्ड तोकी उचित **प्रोत्साहन**को ब्यवस्था गरिने छ ।

२. कर्मचारीलाई सेवा प्रति लगनशील,जिम्मेबार,उत्तरदायी र कर्तव्य निष्ठ बनाउन **दण्ड र पुरस्कारको नीति** अबलम्बन गरिनेछ ।

(झ) **न्यायिक कार्य सम्बन्धी व्यवस्थाः**

१. न्यायिक समितिको सचिवालयलाई कार्यप्रकृतिको आधारमा विशिष्ट प्रकृतिको अवस्थिति आवश्यक रहेको हुँदा आगामी आ.व. बाट **नयाँ कार्यकक्ष** निर्माण गरी न्यायिक समितिको कार्यलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाईनेछ ।

२. विवाद निरुपणको कार्यलाई व्यवस्थित, गैरविभेदकारी र न्यायमुलक बनाउदै **सामाजिक न्यायका** आधारमा न्याय सम्पादन गरिनेछ ।

३. प्रत्येक वडामा मेलमिलाप केन्द्र मार्फत विवादलाई यथासक्य चाँडो समाधान गरी **बास्तबिक न्यायको** अनुभुति गराईनेछ ।

४. न्यायिक समितिको कार्यलाई प्रभावकारी बनाउन **क्षमता विकासका** कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**आदरणीय सभा सदस्य ज्यूहरु,**

कोभिड-१९ को महामारीको रोकथाम र नियन्त्रण गर्ने र महामारीबाट प्रभावित सामाजिक-आर्थिक क्षेत्रलाई पुनर्जीवन दिई विकास निर्माणलाई तीव्रता दिने अठोटका साथ आर्थिक बर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्ताब गरेको छु । तसर्थ महामारीको असर न्युन गर्दै आर्थिक सामाजिक क्षेत्र थप गतिशिल हुनेछन, पारस्परिक सम्मान र अवसर सहित सामाजिक न्याय कायम हुनेछ र **समृद्द नेपाल सुखी नेपाली**को राष्ट्रिय आकाङक्षा पुरा गर्न कोशेढुङ्गा सावित हुनेछ ।

आँधीखोला गाउँपालिकाको समृद्दि र विकासमा एकाकार भई बिबिधतायुक्त बिशेषतालाई आत्मसात गरी बिबिधताबिच एकता, सामाजिक, सास्कृतिक ऐक्यबद्धता,सहिष्णुता र सदभाबलाई संरक्षण तथा निरन्तरता दिन साथ दिनुभएकोमा गाँउपालिका भित्रका बिभिन्न राजनैतिक दल, बुद्धिजीबि, समाजसेवी, राष्ट्रसेवक, निजी, सहकारी र सामुदायिक क्षेत्र, श्रमिकवर्ग, नागरिक समाज, आम सञ्चारजगत लगायत सम्पूर्ण दाजुभाई दिदिबहिनीहरुलाई बिशेष धन्यबाद दिन चाहान्छु । साथै भबिष्यमा समेत सोही प्रकारको भूमिकाको अपेक्षा गर्दछु ।

अन्त्यमा आँधीखोला गाँउपालिकाको बिकासको मार्गदर्शनको रुपमा रहेको यस नीति तथा कार्यक्रमको तर्जुमामा सुझाब सल्लाह दिनुहुने सम्पुर्ण जनप्रतिनिधि, कर्मचारी ,राजनितिक दलका प्रतिनिधि लगायत सम्पूर्ण आँधीखोलाबासी जनतालाई हृदयदेखी नै धन्यबाद दिन चाहान्छु र यस नीति तथा कार्यक्रमको प्रभाबकारी कार्यान्वयन गरी समृद्ध आँधीखोला निर्माणमा समेत सबैको सकारात्मक भुमिका रहनेछ भन्ने अपेक्षा गरेको छु ।

हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने सम्पूर्ण महानुभावहरू प्रति कृतज्ञता ज्ञापन गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु ।

***धन्यवाद नमस्कार ******

सुधिर कुमार पौडेल
अध्यक्ष
आँधीखोला गाउँपालिका
मितिः २०७७/०३/११